नियम सङ्ख्या :
नगर सभाबाट स्वीकृत मिति :

# गोदावरी नगरपालिका निमार्णमुखी तथा खानीजन्य उधोग दर्ता, ब्यबस्थापन, नबिकरण तथा खारेजी  कार्यविधि, २०७५

## गोदावरी नगरपालिका
## बज्रबाराही, ललितपुर
## नेपाल

# निमार्णमुखी तथा खानीजन्य उधोग दर्ता, ब्यबस्थापन, नबिकरण तथा खारेजी  कार्यविधि, २०७५

**प्रस्तावना** :

नगरपालिकालाई स्थानीय स्रोतको परिचालनमा सक्षम र प्रभावकारी बनाउन संविधान तथा कानूनद्वारा प्रदत्त अधिकार प्रयोग गरी ढुगा, गिटि्ट, चिप्स, ढुंगाको धुलो, वालुवा,ईट्टा, माटो, खरीढुगा तथा स्लेट, जस्ता खानी जन्य बस्तुको सर्बेक्षण, उत्खनन् , प्रशोधन, उधोग ब्यबस्थापन तथा उपयोगको दर्ता, अनुमती, नबीकरण, खारेजी र ब्यबस्थापन गरी स्यानिय सरकार तथा स्थानीय जनतालाइ सहज र सरल रुपमा पहुँच पुर्‍याउनका लागि यो बनाउन बाञ्छनीय भएकोले,स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (प) को (७) बमोजिम कार्य गर्न नगरपालिकालाई आफ्नो क्षेत्रभित्र प्रदान गरेको अधिकारलाई कार्यान्वयनमा ल्याउन र खानीजन्य उधोग व्यवस्थापन प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्न, गोदावरी नगरपालिको नगरनगर सभाबाट  यो निर्माणमुखी तथा खानीजन्य उधोग तथा ब्यबसाय दर्ता, ब्यबस्थापन, नबिकरण तथा खारेजी  कार्यविधि, २०७५ स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद - १

## परिभाषा र व्याख्या

१. संक्षिप्त नाम तथा प्रारम्भ : यो कार्यविधिको नाम " निर्माणमुखी तथा खानीजन्य उधोग दर्ता, ब्यबस्थापन, नबिकरण तथा खारेजी  कार्यविधि२०७५" रहेको छ र यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७५ लाई जनाउँछ ।

ख) "नगरपालिका" भन्नाले गोदावरी नगरपालिकालाई जनाउँछ ।

ग) "सभा" भन्नाले  गोदावरी नगरपालिकाको नगर सभालाई जनाउँछ ।

घ) “कार्यपालिका” भन्नाले गोदावरी नगरपालिकाको नगर कार्यपालिकालाई जनाउँछ।

ङ) “खानी” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (प) को (७) बमोजिम बमोजिम गोदावरी नगरपालिकाको क्षेत्रभित्र जमिनको सतह वा भुगर्भ भित्र पाईने ढुगा, गिटि्ट, वालुवा, नुन, माटो, खरीढुगा तथा स्लेट, जस्ता समेतलाई जनाउँछ।

च) “दर्ता” भन्नाले कुनै व्यक्तिका नाममा नगरपालिका क्षेत्रभित्र रहेको खानीलाई नियमानुसार संचालन, प्रयोग, उपभोग गर्नाका लागि अनुमति भन्ने बुझाउँदछ।

छ) “नबिकरण” भन्नाले संचालन, प्रयोग तथा उपयोग गर्नाका लागि दिएको निश्चित एक आर्थिक बर्ष पछि बुझाउनु पर्ने शुल्क नगरपालिकालाई बुझाई पुन संचालन, प्रयोग तथा उपयोग गर्ने अनुमती लाई जनाउँछ।

ज) “ खारेजी” भन्नाले नगरपालिकाले क्षेत्रभित्र संचालन, प्रयोग, उपभोग गर्नाका लागि अनुमति दिई संचालनमा रहेका वा संचालनमा नरहेका खानी जन्य उधोग अनुमती प्राप्त गर्दा गर्नु पर्ने भनी तोकीएको शर्त पुरा नगरेको खण्डामा नबिकरण नभएको वा संचालन प्रतिबन्ध लगाइएकोलाई जनाउँछ।

झ) “प्रमुख” भन्नाले नगर कार्यपालिकाको प्रमुखलाई जनाउँछ।

ञ) “उपप्रमुख”भन्नाले नगर कार्यपालिकाको उपप्रमुखलाई जनाउँछ।

ट) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय प्रमुखको रुपमा कार्य गर्ने तोकिएको कर्मचारीलाई जनाउँछ।

ठ) “बिजक” भन्नाले करदातालाई जानकारी दिने उद्देश्यले नगरपालिकाले तयार गरेको सम्पत्तिको मूल्यांकन र सोमा लाग्ने करसम्बन्धी बिजकलाई जनाउँछ।

ड) “करदाता” भन्नाले नगरपालिका क्षेत्रभित्र जग्गा तथा संरचनाको स्वामित्व भएका व्यक्तिलाई जनाउँछ।

ढ) “स्वयं विवरण दाखिला” भन्नाले करदाता आफैंले आफ्नो सम्पत्तिको यथार्थ विवरण खोली निर्धारित ढाँचामा नगरपालिकामा बुझाउने कार्यलाई जनाउँछ।

ण) “स्थलगत सर्वेक्षण” भन्नाले नगरपालिकाद्वारा गठित कर्मचारीको टोली वा नगरपालिकाबाट खटाएको कुनै कर्मचारीले स्थलगत रूपमा छलफलसमेत गरी सूचना संकलन गर्ने कार्यलाई जनाउँछ।

त) “मापदण्ड” भन्नाले नगर कार्यपालिले इजाजत तथा अनुमती प्रदान गर्दा तोकिएको निश्चित परिधि तथा प्रकृयालाई जनाउँछ।

थ)“कार्यालय” भन्नाले गोदावरी नगर कार्यपालिकाको कार्यालयलाई जनाउँछ।

द) “संचालन मिति” भन्नाले सम्बन्धित उधोगले ब्यापारिक उत्पादन, उत्खनन् शुरु गरेको मिति भन्ने सम्झनु पर्छ ।

ध) “बिभाग” भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशित गरी तोकेको सम्बन्धित बिभाग वा कार्यालय सम्झनु पर्छ ।

न) “तोकिएको” वा “तोकिएको बमोजिम” भन्नाले यस ऐन अर्न्तगत बनेको बिषयमा वा नेपाल सरकार ( केन्द्र र प्रदेश) नेपाल राजपत्रमा सुचना प्रकाशित गरी जारी गरेको आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

प) “शाखा” भन्नाले खानी जन्य उधोग दर्ता गर्ने शाखा भन्ने जनाउँछ ।

फ) “अनुमती पत्र” भन्नाले कुनै खनिज पदार्थको खोजतलास कार्य र उत्खनन् कार्य गर्न यस कार्यबिधी बमोजिम प्रदान गरिएको अनुमती पत्र सम्झनु पर्दछ।

(ब) “ निर्माण मुखी ” भन्नाले ढुंगा, रोडा, बालुवा, चिप्स, धुलो, माटो, इट्टा, टायल, ब्लक, ब्लक जन्य समाग्री, फर्निचर, आदिलाइ जनाउँदछ ।

## परिच्छेद - २

**३. निर्माण मुखी तथा खानी जन्य उधोग बर्गिकरण :** यस कानुनको प्रयोजनको लागि खानी जन्य उधोग देहाय बमोजिम हुनेछ ।

(क) उत्खनन् मुलक उधोग : जमिनका सतह वा गर्भबाट रहेको ढुगा, गिट्टि, वालुवा, माटो, खरीढुगा तथा स्लेट, मानिस वा साना तथा ठुला औजार लगाई संकलन गर्नेलाई उत्खनन् मुलक उधोग भन्ने बुझ्नु पर्छ ।

ख) प्रशोधन मुलक उधोगः ढुगा, गिट्टि, वालुवा, माटो, खरीढुगा तथा स्लेट, माटो जस्ता खानी जन्य बस्तु संकलन पछि आवश्यकता अनुसार बिभिन्न साईजमा परिर्बतित गर्ने उधोगलाई प्रशोधन मुलक उधोग भन्ने बुझ्नु पर्छ । जस्तैः गिट्टी, चिप्स, डस्ट, आदि ।

ग) उत्पादन मुलकः माटो, सिमेन्ट, बालुवाको प्रयोग गरी निर्माण भएको ईट्टा, बल्क आदिलाई उत्पादन गर्ने उधोगलाई उत्पादन मुलक उधोग भन्ने बुझ्नु पर्छ ।

**४. खनिज पदार्थको बर्ग र स्तर तथा खनिज कार्य गर्न चाहने ब्यक्तिको योग्यता :**

४(क) खनिज पर्दाथ बर्गः खनिज पदार्थको बर्ग अनुसुची १ मा उल्लेख भए बमोजिमका खनिज पर्दाथ रहनेछन ,

४(ख) खनिज पदार्थको स्तर: यस कार्यबिधिको प्रयोजनको लागि दैनिक उत्पादनको आधारमा धातु तथा अधातु खजिन पदार्थ सम्बन्धि खनिज कार्यलाई देहाय बमोजिमको स्तरमा बिभाजन गरिएको छ ।

१) अति साना स्तर

२) साना स्तर

**५) निर्माणमुखीखनिज कार्यको अनुमती पत्र लिन चाहने ब्यक्तिको योग्यता देहाय बमोजिम हुनेछः**

क) सम्बन्धित खनिज कार्य सम्बन्धि कामको एक बर्षको अनुभब भएको वा खनिज कार्यको काममा कामदार वा बिशेषज्ञलाई लगाउन सक्ने हैसियत भएको ।

ख) कुन प्रकारको खनिज कार्य गर्न चाहेको हो सो का लागि आर्थिक र प्राबिधिक हैसियत ।

**६. उधोग दर्ता तथा संचालन अनुमतीः** (१) यस ऐनमा अनुमती लिनु पर्ने. निर्माणमुखी खानी तथा उधोग स्थापना गर्दा नगरपालिकाले तोकिएको बमोजिम शर्तहरु पुरा दर्ता गराउनु पर्नेछ ।

१(क) अन्यत्र स्वीकृति लिनुपर्ने नभएमा वा स्वीकृति लिन पर्नेमा सम्बन्धित निकायको स्वीकृति लिए पश्चायत ऐन, नियम बमोजिम उधोग स्थापना गर्दा उधोगको प्रकृति, बाताबरणीय प्रभाब प्रतिबेदन, बर्ग,उधोग रहने स्थान, उधोगले प्रयोग गर्ने मेशिनरी, कोरा मााल, सहायक कोरा माल, रसायन, प्याकेजिङ गर्नु पर्ने भएकोमा सो को सामान सम्पुर्णको ब्यहोरा सहित उधोगपतिको तीन पुस्ते नामावली, ठेगाना, सम्पर्क नम्बर र सम्पर्क ब्यक्ति नाम, र हालैको फोटो सहित स्प्रष्ट बिबरण खुलाई उधोग दर्ताको लागि नगरपालिकामा दरखास्त दिनु पर्ने छ ।

(ख) कुनै पनि उधोग दर्ता नगरपालिकाको अनुमती प्राप्त नगरी संचालन गर्न पाईने छैन । यस्तो दर्ता नभई संचालनमा रहेको त्यस प्रकारको उधोगहरु तुरुन्त बन्द गर्न लगाई उधोगमा रहेको सम्पुर्ण मेशिनरी सर सामान लागायत सम्पुर्ण सर सामान जफत गरी नगरपालिकाले आफ्नो कब्जामा लिन सक्नेछ ।

(२) उधोग दर्ता अनुमती प्राप्तका गर्नाका लागि उधोगले निम्न लिखत मापदण्डहरु पुरा गर्नुपर्ने छ ।

**(क) निर्माणमुखी खानी दर्ताका लागि न्यूनत्तम आवश्यक मापदण्ड :**

१) उधोगको स्वामित्वमा न्युनत्तम २० रोपनी जग्गा हुनु पर्ने छ । मालपोत कार्यालयमा दर्ता प्रमाणित जग्गाको जग्गा धनी पुर्जा हुनु पर्ने छ । अन्य ब्यक्तिको नाउँमा रहेको जग्गाको हकमा सम्बन्धित जग्गा धनीको लिखत मन्जुरीनामा (नगरपालिकामा खानी दर्ता अधिकारी समक्ष आई स्यम् जग्गा धनीले सनाखत गरिदिनु पर्नेछ) ।

२) वातारणीय असर नपर्ने प्रतिबेदन । उधोग संचालन गर्दा वाताबरणीय असर पर्ने तथा पार्ने कार्य नगर्ने प्रतिबद्दता । बाताबरणीय जोखिम कम गर्ने औजार तथा मेसिनहरुको प्रयोग गर्ने प्रतिबद्दता ।

३) स्थानिय जनतालाई सुलभ रुपमा उधोगबाट उत्पादित बस्तु उपलब्ध गराउने प्रतिबद्दता ।

४) खानी जन्य उधोग संचालनका लागि अग्रिम रु ७,०००००।( सात लाख रुपैया) नगरपालिकाको खातामा ग्यारेन्टीको बापत जम्मा गरी बैक भौचर नगरपालिकामा बुझाउनु पर्ने छ । माथि उल्लेखित शर्त पुरा नगरेमा उक्त रकम जफत हुनेछ ।

(५) खानी सम्म जाने बाटोको निमार्ण साथै मर्मत संभार उधोगले नै गर्नु पर्ने छ ।

(६) उधोग संचालन गर्न नगरपालिकाबाट अनुमती तथा दर्ता पश्चायत आन्तरिका राजश्व कार्यालय साथै अन्य निकायमा अनिबार्य दर्ता हुनु पर्ने छ ।

(७) उधोगको नजिक पर्ने पानीको मुल, सार्बजनिक जग्गा संरक्षण गर्नु पर्ने छ । उधोगले सार्बजनिक जग्गा अतिक्रमण गर्न पाउने छैन ।

**ख) प्रशोधनमुलक उधोग दर्ता नबिकरण मापदण्डः**

१) प्रशोधन मुलक उधोग जस्तै बालुवा वासिड., गिट्टी कसर उधोग, चुन ढुगा प्रशोधन केन्द्र, आदि उधोगका लागि न्युनत्तम १० रोपनी जग्गा उधोगमा स्वामित्वमा हुनु पर्ने छ ।मालपोत कार्यालयमा दर्ता प्रमाणित जग्गाको जग्गा धनी पुर्जा हुनु पर्ने छ । जग्गा धनीको लिखत मन्जुरीनामा (नगरपालिकामा आई स्यम् जग्गा धनीले सनाखत गरिदिनु पर्नेछ) ।

२) वातारणीय असर नपर्ने प्रतिबेदन । उधोग संचालन गर्दा वाताबरणीय असर पर्ने तथा पार्ने कार्य नगर्ने प्रतिबद्दता । बाताबरणीय जोखिम कम गर्ने औजार तथा मेसिनहरुको प्रयोग गर्ने ।

३) स्थानिय जनतालाई सुलभ रुपमा उधोगबाट उत्पादित बस्तु उपलब्ध गराउने प्रतिबद्दता ।

४) उधोग जन्य संचालनका लागि अग्रिम रु ७००,००००।(सात लाख) नगरपालिको खातामा ग्यारेन्टीको रुपमा राखिने छ । माथि उल्लेखित शर्त पुरा नगरेमा उक्त रकम जफत हुनेछ ।

(५) खानी सम्म जाने बाटोको निमार्ण साथै मर्मत संभार उधोगले नै गर्नु पर्ने छ ।

(६) उधोग संचालन अनुमती तथा दर्ता पश्चायत आन्तरिक राजश्व कार्यालय लगायत सम्बन्धित कार्यालयमा अनिबार्य दर्ता हुनु पर्ने छ ।

(७) उधोगको नजिक पर्ने पानीको मुल, सार्बजनिक जग्गा संरक्षण गर्नु पर्ने छ । उधोगले सार्बजनिक जग्गा अतिक्रमण गर्ने छैन ।

**ग. उत्पादन मुखीउधोगदर्ताका लागि न्यूनत्तम आवश्यक मापदण्ड :**

१) उत्पादन मुलक उधोग जस्तै बालुवा ईट्टा भट्टाको लागि न्युनत्तम १० रोपनी जग्गा उधोगमा स्वामित्वमा हुनु पर्ने छ ।बल्क उत्पादन उधोगको हकमा न्युनत्तम २ रोपनी जग्गा उधोगको स्वामित्वमा हुनु पर्नेछ । उधोग संचालनको लागि जग्गा धनीको लिखत मन्जुरीनामा ( नगरपालिकामा आई स्यम् जग्गा धनीले खानी दर्ता अधिकारी समक्ष सनाखत गरिदिनु पर्नेछ) ।

२) वातारणीय असर नपर्ने प्रतिबेदन । उधोग संचालन गर्दा वाताबरणीय असर पर्ने तथा पार्ने कार्य नगर्ने प्रतिबद्दता । बाताबरणीय जोखिम कम गर्ने औजार तथा मेसिनहरुको प्रयोग गर्ने ।

३) स्थानिय जनतालाई सुलभ रुपमा उधोगबाट उत्पादित बस्तु उपलब्ध गराउने प्रतिबद्दता ।

४) ईट्टा भट्टा संचालनका लागि अग्रिम रु ५,००,०००।( पाच लाख) नगरपालिको खातामा ग्यारेन्टीको रुपमा राखिने छ । बल्क उत्पादन उधोगको हकमा रु १००,०००। (एक लाख रुपैया) नगरपालिको खातामा ग्यारेन्टीको रुपमा राखिने छ माथि उल्लेखित शर्त पुरा नगरेमा उक्त रकम जफत हुनेछ ।

(५) खानी सम्म जाने बाटोको निमार्ण साथै मर्मत संभार उधोगले नै गर्नु पर्ने छ ।

(६) उधोग संचालन अनुमती तथा दर्ता पश्चायत आन्तरिक राजश्व कार्यालय लगायत सम्बन्धित कार्यालयमा अनिबार्य दर्ता हुनु पर्ने छ ।

(७) उधोगको नजिक पर्ने पानीको मुल, सार्बजनिक जग्गा संरक्षण गर्नु पर्ने छ । उधोगले सार्बजनिक जग्गा अतिक्रमण गर्ने छैन ।

**७. उत्खनन् कार्य सम्बन्धी ब्यबस्थाः**

उत्खनन् कार्यका लागि अनुमतीपत्रको लागि निबेदन दिनु पर्नेछ : कुनै ब्यक्तिले गुणस्तर तथा परिणाम एकिन भई सकेको खनिज पर्दाथको उत्खनन् कार्य गर्न चाहेमा अनुमती पत्रको लागि उत्खनन् कार्यको प्रस्ताबित योजना समेत संलग्न गरी अनुसुची १ बमोजिमको ढाँचामा यस नगरपालिका समक्ष निबेदन दिनु पर्नेछ ।

**८. उत्खनन् कार्यको अनुमती पत्र दिनु पर्नेः** (१) निबेदन प्राप्त भए पछि सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा उत्खनन् कार्यको प्रस्ताबित योजना समेत संलग्न गरी अनुसुची २ बमोजिमको ढाँचामा उत्खनन् कार्य गर्ने अनुमती पत्र दिनेछ ।

(२) अनुमती पत्र दिने गरी नगरपालिकाले निर्णय गरेको निर्णय गरेको जानकारी दिएको ३० दिन भित्र निबेदक आफै वा आफ्नो प्रतिनिधीले अनुमती पत्र बुझिलिनु पर्नेछ ।

(३) उक्त समयाबधी भित्र अनुमती पत्र बुझ्न नआएमा स्वत अनुमती पत्र रद्द हुनेछ ।

**९.उत्खनन् कार्य गर्दा पालना गर्नु पर्ने शर्तहरुः** उत्खनन् कार्यको अनुमतीपत्र पाउने ब्यक्तिले उत्खनन् कार्य गर्दा पालना गर्नु पर्ने शर्तहरु देहाय बमोजिम हुनेछन्:

क) उत्खनन् कार्य गर्दा खनिज पदार्थको अधिकतम् सदुपयोग र खनिज सम्पदाको संरक्षण हुने गरी गर्ने ।

ख) उत्खनन् कार्य गर्दा वाताबरणमा सकेसम्म न्युनतम प्रतिकुल प्रभाब पर्ने उपाय अपनाई वाताबरण संरक्षणमा समुचित ध्यान दिई कार्य गर्ने ।

(ग) राष्टिय तथा सार्बजनिक हित र सुरक्षाको निमित्त छुट्र्याएका स्थानहरुमा र प्राचिन स्मारक, शहर, चिहान, मसानघाट, सार्बजनिक बाटो, घाट, बाँध, पैनी, पाईप लाइन, किल्ला, गढी, छाउनी, मन्दिर, मस्जिद, गिर्जाघर, घर, कारखाना, इत्यादीबाट कम्तीमा ५० मिटर भित्र उत्खनन् कार्य नगर्ने र त्यस्तो क्षेत्रमा घर, कारखाना वा गोदाम नबनाउने ।

(घ) उत्खनन् कार्य गर्दा सम्भाबित दुर्घटनालाई ध्यानमा राखी सम्भाबित दुर्घटना हुन नपाउने गरी सुरक्षाको ब्यबस्था गर्ने ,

ङ.) खनिज क्षेत्रको रेखदेख अनुमती पत्र धारी स्यम् वा निजको प्रतिनिधी रहनु पर्ने ।

च) खानी क्षेत्रमा कार्यालय खडा गरी सो कार्यालयमा आफुले पाएको अनुमती पत्र स्प्रष्ट देखिने गरी राख्ने ।

## परिच्छेद ३

**९.निमार्णमुखी तथा खानी जन्य उधोग समितिको गठन :** संघ, प्रदेशको कानन बमोजिम हुने नै हुदाँ हाललाई उक्त कानुन नबने सम्म

नगरपालिकाले देहाय सदस्यहरु भएको एक खानी समिति गठन गर्नेछ ।

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख) नगर उपप्रमुख | सह संयोजक |
| ग) नगर कार्यकारी प्रमुख | सदस्य सचिब |

घ) वातावरण तथा खानी सम्बन्धि बिज्ञ सदस्य

ड.) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधी सदस्य

च) महानगरीय प्रहरी बृत्तको प्रतिनिधी सदस्य

छ) नापी तथा मालपोतकार्यालयको प्रतिनिधी सदस्य

ज) जिल्ला बन कार्यालयको प्रतिनिधी सदस्य

झ) बन उपभोक्ता महासंघकोप्रतिनिधी सदस्य

**१०.खानी समितिको काम, कर्तब्य तथा अधिकार :**

क) नगरपालिकामा दर्ता भई संचालनमा रहेको उधोगले मापदण्ड तथा प्रतिबद्दता बमोजिम काम गरे नगरेको मुल्यकंन, प्रतिबेदन तयार, नबिकरण अनुमती प्रदान गर्ने नगर्ने निर्णय गर्ने छ।

ख) बजार अनुगमनको कममा मापदण्डलाई बेवास्ता गरेको, प्रतिबद्दता पुरा नगरेको भेटिएमा आवश्यक कारबाही गर्ने।

ग) उधोग संचालनका कममा भएको क्षति एकिन गरी क्षतिपुर्ति भराईदिने सम्बन्धमा निर्णय गर्नेछ।

घ) उधोगको संचालनमा देखिएको समस्या समाधान गर्ने महत्वपुर्ण भुमिका निर्बाह गर्नेछ।

ड.) निर्माणमुखी उधोग दर्ता, नबिकरण तथा खारेजी सम्बन्धमा निर्णय गर्दछ।

**परिच्छेद ४**

**११. निर्माणमुखी खनिज पदार्थ उत्खनन् सम्बन्धी दर्ता, नबिकरण तथा खारेजी सम्बन्धि ब्यबस्था :**

क) यस नगरपालिका कार्यालयमा एउटा उधोग तथा ब्यबसाय दर्ता, नबिकरण तथा खारेज सम्बन्धमा ब्यबस्थापन गर्नाका लागि एउटा छुट्टै शाखा हुनेछ। निर्माण मुखी खानीजन्य उधोग समिमिबाट निर्णय भई आए बमोजिम ब्यबसाय दर्ता , नबिकरण, ब्यबस्थापन तथा खारेजी सम्बन्धमा सम्पुर्ण आवश्यक काम गर्न सक्दछ।

(१) अनुमतीका लागि निबेदन दिनु पर्ने : सर्बसाधारणले निजी प्रयोगको निमित्त उपयोग गरी आएको प्रचलनमा प्रतिकुल असर नपर्ने गरी निर्माण कार्यको प्रयोगमा आउने साधारण माटो, ढुगां, वालुवा,जस्ता साधारण निर्माणमुखी खनिज पर्दाथको खनिज कार्य गर्न चाहाने ब्यक्तिले सो को अनुमती पत्रको लागि अनुसुची १ बमोजिमको ढाँचामा गोदावरी नगरपालिकामा निबेदन दिनु पर्नेछ।

(२) अनुमतीका लागि निबेदन प्राप्त भए पछि उक्त निबेदन नगरपालिकाले निबेदकको माग बमोजिम साधारण निर्माण मुखी खनिज पदार्थको खनिज कार्य गर्न अनुमती दिने वा नदिने भन्ने सम्बन्धमा जाँचबुझ गरी संघ, प्रदेश कानन सँग नबाझिने गरी, अनुमती पत्र दिनु पुर्ब खानी संचालन गर्न खोजेको खानी क्षेत्रको बिबरण, खानी उत्खनन् पद्दती, क्षेत्रफल र खनिज पदार्थको नाम, समेतको बिबरण उल्लेख गरी निबेदकको माग बमोजिम अनुमती पत्र दिने नदिने सम्बन्धमा खानी बिभाग समक्ष लेखी पठाउनेछ । हाल भइरहेको उधोगहरुको हकमा यो लागु हुने छैन ।

(३) सहमती बमोजिम लेखी आएको ६ महिना भित्रमा बिभागले त्यसरी माग भएको बिषयमा कुन तरिकाबाट, कसरी, कुन कुन शर्त बन्देजहरुको अधिनमा रही अनुमतीपत्र दिने हो सो समेत खुलाई सहमती दिने सम्बन्धमा नगरपालिकाले निर्णय गरी सक्नु पर्नेछ ।

तर बिभागले खानी सञ्चालन गर्न अनुमतीपत्र नदिने गरी निर्णय गरेमा नगरपालिकाले अनुमतीपत्र प्रदन गरिने छैन ।

(४) खानी संचालन गर्न दिन सिफारिस गरेको क्षेत्रमा बन क्षेत्रभित्र पर्ने रहेछ भने नगरपालिकाले बिभागको सहमती लिनु पुर्ब बन तथा भु संरक्षण मन्त्रालयको समेत सहमती लिनु पर्नेछ ।

(५)८(क) बमोजिम सहमती प्राप्त भएमा गोदावरी नगरपालिकाले अनुसुची.....बमोजिमको ढाँचामा अनुसुची... बमोजिम दस्तुर लिई निबेदकलाई निर्माणमुखी खनिज पदार्थको अनुमती पत्र दिनेछ ।

६) अुनमतीपत्र दिए बापत गोदावरी नगरपालिका आफुले प्राप्त गरेको आम्दानी संघ र प्रदेशको कानुनमा ब्यबस्था भए बमोजिम संघ र प्रदेशको राजश्व खातामा जम्मा गरी सो भौचर सहितको जानकारी बिभागमा पठाउनु पर्नेछ ।

ख) नबिकरण सम्बन्धी ब्यबस्था: (१)यस गोदावरी नगरपालिका भित्र निर्माणमुखी खनिज पर्दाथका तथा उत्पादन मुखी उधोग अनुमतीपत्र प्राप्त ब्यक्तिले आफुले प्राप्त गरेको अनुमती पत्र प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले ३ महिना भित्र नबिकरण गराउनु पर्नेछ ।

(२) (क) निर्माण मुखी खानी : नबिकरणको लागि नगरपालिका खानी समिति र खानी बिभाग समक्ष निबेदन दिनु पर्नेछ ।

(ख) निर्माण मुखी खानी ढुगा, गिट्टि, चिप्स, ढुंगाको धुलो, वालुवा, ईट्टा, माटो, खरीढुगा तथा स्लेट यसको प्रदुषण र यसले पार्ने प्रभावको आधारमाहाललाई निम्न बमोजिम दर्ता तथा नबिकरण दस्तुर रहनेछ ।

**दर्ता दस्तुर तथा नबिकरण दस्तुर**

क) ढुगां उधोग रु ७,००,०००, (सात लाख रुपैया)

ख) गिट्टी, चिप्स, ढुंगाको धुलो, रु ५००,०००। (पाँच लाख)

ग) बालुवा ५००,०००। (पाँच लाख रुपैया)

घ) ईट्टा उत्पादन उधोग रु ५,००,०००।-(पाँच लाख रुपैया)

(ड.)खानी संचालन व्यबस्थापन जरिवाना सम्बन्धमा व्यबस्था

बाताबरण मैत्री नभएको हकमा जरिवाना.:

नबिकरण गर्न बाँकी रहेको प्रत्येक आर्थिक बर्षको लाग्ने दस्तर र सोको २५ प्रतिशत जरिवाना लिई नबिकरण गरिदिनु पर्नेछ ।मापदण्ड पुरा नगरेका खानी तथा उधोग नगरपालिकाले तत्काल बन्द गर्न लगाउन सक्दछ साथै बन्दगर्न लगाउदा लाग्ने सम्पुर्ण खर्च उधोगीबाट नै असुल उपर गर्नेछ ।

(ग) नबिकरण सम्बन्धमा आवश्यक कागज पत्र:

१) लेखा परिक्षण बिबरण

२) आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ता प्रमाण पत्र

३) बाताबरणीय प्रभाव नरहेको बाताबरणीय प्रतिबेदन

४) सम्बन्धित वडा कार्यालयको सिफारिस

घ) बाताबरणीय प्रभाव प्रतिबेदन : यस नगरपालिकामा छुट्टै बाताबरण शाखा रहनेछ । बाताबरण शाखाले फिल्डमा उपस्थित भई मुचुल्का तयार गरी सधियार, वडाको प्रतिनिधी सहित सुनुवाई गरी वाताबरणीय प्रभाव प्रतिबेदन तयार गर्नेछ ।

ड.) अनुमतीपत्र रद्द तथा खारेजीहुने व्यबस्था: अनुमतीपत्र देहाय बमोजिम अबस्थामा रद्द हुनेछ:

१) अनुगमन समितिले अनुगमन गर्दा उधोग संचालन दर्ताका अबस्थामा प्रतिबद्दता व्यक्त गरेको प्रतिबद्दता बमोजिम संचालन भएको नपाइएमा उधोग खारेज गर्नु पर्ने देखी खारेजका लागि सिफारिस गरेकोमा उपयुक्त देखिएमा खारेज गर्न सक्नेछ ।

२) उधोगीलाई संचालन गर्न नसक्ने भनी खारेजीका लागि कर चुक्ता प्रमाण पत्र साथ अनुमती पत्र परित्याग गर्न निबेदन दिएमा ।

३)दफा ११(क) ५ बमोजिम अनुमती पत्र निबेदक आफै वा निजको प्रतिनिधी तीसदिन भित्र बुझि नलिएमा ।

४) सार्बजनिक हित वा राष्टिय सुरक्षा  वा वाताबरणमा प्रतिकुल असर पर्न सक्ने कार्य गरेमा ।

(५) यस कार्यबिधी बमोजिम तोकिएको शुल्क, दस्तुर, कर, आदि यस कार्यबिधिमा तोकिए बमोजिम समयाबधी तोकिएको ठाउँमा नबुझाएमा ।

६) यस कार्यबिधि तथा बनेको नियमावली बमोजिम पेश गर्नु पर्ने बिबरण, प्रतिबेदन, सुचना आदी यसमा तोकिएको समय भित्र पेश नगरेमा ।

८) नगरपालिकाले संचालन अनुमती दिएता पनि बिशेष अबस्था (मुद्दा, बिबाद सिर्जना) भएमा छोटो अबधीका लागि उधोग संचालन स्थागन गराउन सक्दछ ।

९) उधोग खारेजी गार्दा नेपाल सरकारलाई तिर्नु पर्ने सम्पुर्ण बक्यौता तिर्न लगाई वा असुल उपर गराई उधोग खारेज गर्नु पर्नेछ ।

१२) बिबरण, सुचना, तथा प्रतिबेदन : (१) अनमती पत्र प्राप्त ब्यक्तिले अनुसुची १बमोजिमको ढाँचामा खनिज पदार्थ बार्षिक उत्पादन प्रगती बिबरण प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले पाँच पाँच महिनामा नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(१३) खानी क्षेत्रको जग्गा नेपाल सरकारको भए नेपाल सरकारलाई अनुसुची १को ढाँचामा बुझाउनु पर्नेछ ।

(१४) नगरपालिकाले स्वीकृति दिन सक्ने : (१) कुनै ब्यक्तिले नेपालको भोगोलिक सर्भेक्षण तथा खनिज अन्बेषणको सिलसिलामा जम्मा गरेको ढुगां, माटो, बालुवा, गिट्टी, चट्टान, जीव अबशेषहरु प्रयोगशाला बिश्लेषण तथा अन्बेषण कार्यको लागि बिदेशमा निकासी गर्न नगरपालिकाले स्वीकृति दिन सक्नेछ ।

१५) निरिक्षण तथा जाँचबुझ सम्बन्धी कार्यबिधि : (१) कुनै खानीको स्थिति वा खानी सम्बन्धी प्रचलित ऐन, नियम तथा कार्यबिधि बमोजिम नगरपालिकले बिशेषज्ञको टोली सहितको खानी निरिक्षण गर्न सक्नेछ ।

१६) अनुमती पत्रको नामसारी : (१) अनुमतीपत्र प्राप्त ब्यक्तिले अनुमती पत्र नामसारी गर्नको लागि बिभाग र नगरपालिकाबाट पुर्व स्वीकृति लिनु पर्नेछ ।

(२) अनुमती पत्र प्राप्त ब्यक्तिले आफुले पाएको अनुमती पत्र नामसारी गरिदिनका लागि योग्यता भएको प्रमाण सहित बिभाग र नगरपालिका समक्ष निबेदन दिनु पर्नेछ ।

(३) अनुमती पत्र नामसारी गरी प्राप्तका लागि आवश्यक कागज सहित निबेदन दिएमा पुनः दर्ता कै प्रकृयाबाट अनुसुची १ बमोजिम शुल्क लिई अनुमती पत्र ३० दिन भित्र नामसारी गर्ने नगर्ने सम्बन्धमा निर्णय गरी सक्नु पर्नेछ ।

४) अनुमती पत्र प्राप्त कर्ताको मुत्यु भएमा निजको नजिकको हकवालाले नामसारी गरी पाउन निबेदन दिएमा अन्य अंशियारको मन्जुरी लिई नामसारी गरिदिन सक्नेछ ।

१६) धरौटी राख्नु पर्ने : यस कार्यबिधि बमोजिम निर्माणमुखी खनिज कार्य गर्न अनुमती पत्र प्राप्त ब्यक्तिले खनिज कार्य गर्दा अनुसुची ४ बमोजिम धरौटी राख्नु पर्नेछ ।

१७) कार्यबिधि तथा अनुसुचीमा हेरफेर तथा थपघट गर्न सक्ने : नेपाल सरकार संघ, प्रदेशले तयार गरेको कानुन सँग बाझिएमा वा कार्य गर्न बाधा पर्न गएको खण्डमा कार्यपालिका बैठकबाट पारित गरि नेपाल राजपत्र वा नगरपालिकाको वेभसाइटमा सुचना प्रकाशन गरी तोकीए बमोजिम हुनेछ ।

अनुसुची १

दर्ता अनुमती निबेदन
दफा ४ बमोजिम दिइने निबेदन ढाचाँ

श्रीमान प्रमुख ज्यू
गोदावरी नगरपालिका
बज्रबाराही, ललितपुर ।

बिषयः उधोग तथा खानी दर्ता गरी पाउँ ।

……………………………………………नामक उधोग………………………………………………स्थानमा……………………………………………………………………नियमानुसार संचालन दर्ताका लागि तपसिल बमोजिमको प्रमाण सहित यो निबेदन पेश गरेको छु । उधोग तथा खानी दर्ता गरी संचालन अनुमती पाउँ ।

**संलग्न कागज**

१)
२)
३)
)

निबेदक(ब्यक्ति)

नामः
पेशाः
ठेगानाः
फोन नं
इमेलः
मो.नं.

संगठित संस्था । फर्म । कम्पनीको

नाम :
ठेगानाः
फयाक्स
फोन नं.
मो.नं.
दर्ता भएको निकायः
दर्ता मिति र नम्बरः
मुख्य संचालकः

उत्खनन् कार्य गर्न चाहेको खनिज पदार्थ:
उत्खनन् कार्य गर्न चाहेको अबधी:
प्राबिधिकको ब्याख्या :

खानी उत्खनन् कार्य गर्न माग गरेको क्षेत्रको चार किल्ला बिबरण:

.........................जिल्ला..................न.पा.................वडा नं......स्थान................खानी संचालन गर्ने क्षेत्र (बिन्दु) पुर्ब तर्फ...................................पश्चिम तर्फ..............................उत्तर तर्फ.................................दक्षिण तर्फ ....................................बर्ग कि.मिटर

निबेदकको :
दरखास्त:
नाम:
मिति:

संलग्न कागज:

१) खानी उत्खनन् कार्यको प्रस्ताबित योजना
२) आफैले खोजतलास कार्य गरेको भए, सो को बिस्तुत प्रतिबेदन
३) ब्यबसायिक योग्यता, अनुभव, नागरिता र कम्पनी, फर्म, वा संस्थाको प्रमाण।
४) खानी क्षेत्रको जग्गासँग सम्बन्धित जग्गावाला वा अन्य निकायको मञ्जुरीनमा । सहमती ।
५) प्रस्ताबित खानी सार्बजनिक सडकबाट ५०० भित्र पर्ने भएमा सम्बन्धित निकायको सहमती ।

# अनुसुची २

## दर्ता अनुमती प्रमाण पत्र

## दफा ४ बमोजिम दिइने निबेदन ढाचाँ

१. अनुमती पत्र प्राप्त ब्यक्तिको नाम र ठेगाना................................................................अनुमती पत्र नम्बर.................................खनिज पदार्थको नामः.......................................प्रगति बिबरण अबधी(आर्थिक बर्ष) .......................................।

२. खानी रहेको जिल्ला.......................................न.पा....................................वडा नं .............स्थान .....................................................................।

३. खनिज बिकासः

क) बिस्तृत सिमांकनात्म डिलिड. तथा अन्बेषणात्मक उत्खनन् :

ख) बिस्तृत प्राबिधिक उत्खनन् तथत प्रशोधन सम्भाब्यता अध्ययाः

ग) बिस्तृत तथा आर्थिक सम्भाब्यता अध्ययनः

घ) अन्तिम सम्भाब्यता मूलयाकंनः

४. खानी -उत्पानात्मक) बिकासः

क) खानी उत्पादन परियोजना प्रबर्द्धन तथा कायौन्वयनः

ख) नियमित खानी उधोग संचालनः

ग) खानी बिकास कार्य योजनाः

अनुसुची ३

गोदावरी नगरपालिक

नगरकार्यपालिकाको कार्यालय

बज्रबाराही, ललितपुर

३ नं प्रदेश नेपाल

२०७३

.

. मिति

साधारण निर्माणमुखी खनिज पर्दाथको खनिज कार्यको अनुमती पत्र ।

...............................................प्रेदश......................जिल्ला................न.पा...........................वडा नं.न .................बस्ने ..............................................................लाई खानी तथा खनिज पदार्थ ऐन २०४२ तथा खानी तथा खनिज पदार्थ नियमावली। २०५६ र निर्माणमुखी खानीजन्य उधोग दर्ता, ब्यबस्थापन, नबिकरण तथा खारेजी कार्यविधि २०७५ बमोजिम निम्न खनिज पर्दाथको खनिज कार्य गर्न यो खानी........................देखी ......................सम्म साधारण निर्माणमुखी खनिज

अनुसुची ४

गोदावरी नगरपालिक

नगरकार्यपालिकाको कार्यालय

बज्रबाराही, ललितपुर

३ नं प्रदेश नेपाल

२०७३

.

. मिति

बिषय : धरौटी जम्मा गरिएको बारे ।

..............................................प्रेदश.....................जिल्ला................न.पा...........................वडा नं.न .................बस्ने ............................................................लाई खानी तथा खनिज पदार्थ ऐन २०४२ तथा खानी तथा खनिज पदार्थ नियमावली। २०५६ र निर्माणमुखी खानीजन्य उधोग दर्ता, ब्यबस्थापन, नबिकरण तथा खारेजी कार्यविधि २०७५ बमोजिम निम्न खनिज पर्दाथको खनिज कार्य गर्न रु ............ अक्षरुपी रकम बैकको शाखा कार्यालय मा रकम जम्मा गरेको बैक भौचर यसै निबेदनसाथ पेश गरेको छु ।

निबेदक

नामथर :

सस्थाको नाम

सस्थाको ठेगाना

सम्पर्क न.